# दार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर सल्यान कर्णाली प्रदेश, नेपाल

# बालुवा गिट्टी बिक्रीको दरभाउ सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मिति: २०७६।०७।२५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन तथा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व. २०७६/०७७ का लागि कायम न्यूनतम (मू.अ. कर बाहेक) | बिक्री तथा निकासी दर वातावरण शुल्कसहित प्रति क्यू फिट | धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| DRM/IR/076-77/01 | दार्मा गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने दार्मा खोला क्षेत्र (IEE मा उल्लेखित क्षेत्रहरुबाट बालुवा गिट्टी उत्पादन/बिक्री शुल्क) | रु. ५,००,०००।- | रु. २ | कबोल अंकको ५ प्रतिशत | रु. १,०००।- |

### शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरू:

१. दरभाउपत्र अवधि आ.व. २०७६/०७७ असार मसान्तसम्म रहनेछ तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन।

२. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाइ सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम बुझाएमा ५ प्रतिशतसम्म रकम छुट दिन सकिनेछ। नियमानुसार लाग्ने मू.अ. कर प्रयोजनको लागि भने छुट दिइने छैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बाफतको रकम यस कार्यालयको **नविल बैंक फारुलाचौरमा रहेको कार्यालयको** खाता नं. **७३०१०१७५००००५** मा दाखिला गर्नुपर्नेछ।

४. कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

६. कोटेशनमा कुनै विवाद भएमा दार्मा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी ८ औं दिनको १२ बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे दार्मा गाउँ कार्यापालिकाको कार्यालयमा खोलिनेछ।

८. बालुवा गिट्टीको उत्पादन तथा बिक्री वितरण वाफतको दर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

९. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

११. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन।

१२. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

### शिलबन्दी कोटेशन सम्बन्धी अन्य शर्तहरू :

१. पहिलो किस्ता बाफतको रकम कार्यालयको विभाज्य कोष खातामा जम्मा भएपछि मात्र शिलबन्दी कोटेशन सम्झौता गरिनेछ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत सम्झौता गर्दाका बखत | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७७ साल वैशाख मसान्तभित्र | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले दार्मा गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासीतर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेका रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्रीमा मू.अ. करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिकरुपमा दार्मा गाउँपालिकामा बुझाउनु पर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा दार्मा गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

६. दार्मा गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन।

७. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा क वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुलउपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. दार्मा गाउँपालिकाभित्रको दार्मा खोलाबाट ढुंगा, गिट्टी, बालुवा निकाली बिक्री तथा निकासी गर्ने क्रममा गाउँपालिकाभित्रका पक्की पुलको तलमाथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानुनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्ण रुपमा ध्यान दिनुपर्नेछ। ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाइनेछ।

१२. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१३. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१४. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

१५. बोलपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी दार्मा गाउँ कार्यपालिकाको कार्यालय, फारुलाचौर, सल्यानबाट खरिद गरी पेश गर्न सकिनेछ।

१६. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, दार्मा गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ।

१७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१८. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**